आज मिति २०७९ फागुन ३० गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री रामलाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगरपालिकाको एघारौं (११/०७९-८४) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलवीर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन् चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलाशपति चौधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क. | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| २० | सचिव | श्री लक्ष्मण बहादुर कठायत | |

# कार्यपालिका बैठकको निर्णय
## (२०७९/११/३०)

<u>विषयसुची :</u>

१. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ को दफा ४(१) बमोजिमको समितिमा कार्यपालिका सदस्यहरुलाई मनोनित गर्ने सम्वन्धमा ।

२. भूमिहीन दलित , भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४(१) बमोजिमको समितिमा राजनैतिक दलबाट प्रतिनिधिहरुलाई सदस्यको रुपमा मनोनित गर्ने सम्वन्धमा ।

३. भूमिहीन दलित , भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सम्वन्धी जग्गाको क्षेत्र वर्गिकरण ( ग्रामीण क्षेत्र , शहरोन्मुख क्षेत्र, शहरी क्षेत्र) निर्धारणका लागि सहजीकरण समिति गठन सम्वन्धमा ।

४. नगरपालिकाको स्वामित्वमा रहेको सपिगं कम्पेल्क्सको सटर कवलहरुको भाडा सम्झौता गर्न आउने म्याद सम्वन्धमा ।

५.टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७६ संशोधन सम्वन्धमा ।

६. सिफारिस समिति गठन सम्वन्धमा

७. पशु वधशालाका पसलहरु हटाउने सम्वन्धमा

८. सवारी साधन खरिद सम्वन्धमा ।

९. निर्णय सर्मथन गर्ने सम्वन्धमा ।

१०. कर्मचारीहरुको पदपूर्ती सम्वन्धमा ।

११. पुतला पर्व मनाउन, महायज्ञको व्यवस्थापन गर्ने तथा मन्दिरको व्यवस्थापनको लागि कला, साहित्य तथा सांस्कृति संरक्षण कार्यक्रमबाट रकम उपलब्ध गराउने सम्वन्धमा ।

१२. कार्यपालिकाका सदस्यहरुकालाई साईकल तथा मोवाईल खरिद सम्वन्धमा ।

१३. टीकापुर न.पा. वडा नं. ७ को प्रशासकीय भवन जिल्ला समन्वय समितिको कार्यालय धनगढी कैलाली संगको लागत साझेदारीमा संचालन गर्न समपुरक रकमको सुनिश्चितता सम्वन्धमा ।

१४. विद्युतका पोलहरु स्थानान्तरण गर्ने सम्वन्धमा ।

१५. टीकापुर नगरपालिकामा निर्माण गरिएका पुराना भवनहरुको अभिलेखीकरण गर्ने सम्वन्धमा ।

१६. राष्ट्रिय क्रिकेट टोलिका प्रशिक्षकलाई सम्मान गर्ने सम्वन्धमा ।

१७. स्वास्थ्य शिविर संचालन गर्ने सम्वन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१८. टी.न.पा. वडा नं. ७ को कार्यालयले भोग चलन गर्दै आएको जग्गा सम्वन्धमा ।
१९.रकम व्यवस्थापन गर्ने सम्वन्धमा ।
२०. गाँउघर क्लीनिक भवन निर्माणको लागि स्थल तोक्ने सम्वन्धमा ।
२१.टी.न.पा. लाई पुर्ण खोप पालिका घोषणा गर्ने सम्वन्धमा ।
२२. ब्याडमिन्टीन हल निर्माणका लागि स्थल तोक्ने सम्वन्धमा ।

## निर्णयहरु :

**निर्णय नं. १:-** भूमिहीन दलित , भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ को दफा ४(१) बमोजिमको समितिमा सोही दफाको खण्ड (घ) बमोजिमका सदस्यमा देहायका कार्यपालिका सदस्यहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

१. सदस्य : कार्यपालिका सदस्य श्री रामवहादुर नगार्जी
२ सदस्य : कार्यपालिका सदस्य श्री मन्जु वि.क.

**निर्णय नं. २:-** भूमिहीन दलित , भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ को दफा ४(१) बमोजिमको समितिमा सोही दफाको खण्ड (ग) बमोजिमका सदस्यहरुमा राजनैतिक दलबाट मनोनित गरि पठाय बमोजिम देहाय बमोजिमका प्रतिनिधिहरुलाई सदस्यको रुपमा मनोनित गर्ने निर्णय गरियो ।

प्रतिनिधिहरुको विवरण:-

| क्र.सं. | नामथर | राजनितिक दल | कैफियत |
|---|---|---|---|
| १ | श्री झपट बहादुर बुढा | नेपाली कांग्रेस | |
| २ | श्री ध्रुव राज खत्री | ने.क.पा.(एमाले) | |
| ३ | श्री हर्क बहादुर घर्ति | ने.क.पा.(माओवादी केन्द्र) | |
| ४ | श्री सन्तोष खड्का | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| ५ | श्री दिपेश तिमिल्सिना | जनता समाजवादी पार्टी नेपाल | |

**निर्णय नं. ३:-** भूमिहीन दलित , भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ को दफा ६(२) बमोजिम ग्रामीण क्षेत्र, शहरी क्षेत्र र शहरोन्मुख क्षेत्र निर्धारणका लागि अध्ययन तथा सिफारिस गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलले पालिकाको भौगोलिक अवस्थिती, शहरीकरणको अवस्था समेतका आधारमा अध्ययन गरी १५ दिन भित्र क्षेत्र वर्गिकरणको सिफारिस गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यदल :-

१. संयोजक : नगर प्रमुख श्री रामलाल डगौरा थारु
२. सदस्य : कार्यपालिका सदस्य श्री रामबहादुर नगार्जी
३. सदस्य : कार्यपालिका सदस्य श्रीं सरस्वती तिरुवा
४. सदस्य : कार्यपालिका सदस्य श्री दिपक निशानी
५. सदस्य : वडा अध्यक्ष (सम्वन्धित वडाको हकमा)
६. सदस्य : अमिन श्री धनिराम चौधरी
७. सदस्य-सचिव : प्रशासकीय अधिकृत श्री रन्जु आचार्य

**निर्णय नं. ४:-** यस नगरपालिकाको स्वामित्वमा रहेका पसल कवलहरु नगरपालिकासंग सम्झौता गरी भाडामा पसल व्यवसाय गरिरहेका तर सम्झौता नविकरण नगरेका सम्झौता बमोजिमको भाडा रकम नबुझाएका व्यावसायीलाई पटक-पटक भाडा रकम बुझाई सम्झौता नविकरण गर्न आह्वान गर्दा समेत हाल सम्म भाडा नबुझाएको र सम्झौता नविकरण गर्न नआएकोले त्यस्ता व्यवसायीहरुलाई अन्तिम पटकका लागि १ महिना भित्र बाँकि बक्यौता भाडा रकम बुझाइ सम्झौता नविकरण गर्न मौका दिने र सो अवधिभित्र बक्यौता भाडा रकम नबुझाएमा तथा सम्झौता नविकरण गर्न नआएमा त्यस्ता पसल कवलहरु खालि गर्न सूचना दिने र पुन : टेण्डर प्रकिया अगाडि बढाउने तथा बाँकि बक्यौता रकम असुल उपर गर्न प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५:-** टीकापुर नगरपालिकाको देहाय बमोजिमको आर्थिक सहायता सम्वन्धी कार्यविधि, (पहिलो संशोधन) २०७६ संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| दफा उपदफा र खण्ड | ऐनमा भएको व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (१) | (१) आर्थिक सहायता प्रदान गर्न सकिने : देहायको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि वमोजिम तोकिएको प्रक्रिया पुरा गरी तोकिएको समितिको सिफारिसमा नगर प्रमुखले रु.५,०००/–पाँच हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।<br>(क) विरामी,<br>(ख) अशक्त–अपाङ्ग,<br>(ग) परिवारबाट विस्थापित सहारा विहिन वृद्ध, वृद्धा,<br>(घ) अति विपन्न व्यक्तिहरु,<br>(ङ) प्राकृतिक विपत्ति तथा विपत्मा परेका घरवार विहिन व्यक्तिहरु । | तोकिएको समितिको सिफारिस भन्ने वाक्यांशको सट्टा सम्वन्धित वडा कार्यालयको सिफारिसमा भन्ने वाक्यांश राखिएको । | तोकिएको प्रक्रिया पुरा गरी तोकिएको समितिको सिफारिसमा गर्न सक्ने भन्ने उल्लेख भएकोमा कार्यविधिमा तोकिएको समितिको व्यवस्था गरिएको नपाईएको । |

**निर्णय नं. ६:-** मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ (ग) वमोजिम सिफारिस गर्न देहाय वमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो :-

१. संयोजक : नगर प्रमुख
२. सदस्य : नगर उपप्रमुख
३. सदस्य : शाखा प्रमुख सामाजिक सुरक्षा तथा पन्जिकरण उपशाखा
४. सदस्य सचिव : शाखा प्रमुख जनस्वास्थ्य प्रवर्द्धन उपशाखा

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. ७:-** नगरपालिकाको वडा नं. १ स्थित पशु वधशाला रहेका स्थानमा टीकापुर वाटिका बनाउनुपर्ने भएकाले उक्त पशु वधशालाका पसलहरु हटाउने निर्णय गरियो ।

**निर्णय नं. ८:-** टी.न.पा. को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अर्न्तगत हलुका सवारि साधन शिर्षकमा रहेको रकमबाट रु. ८,००,००० ( अक्षरुपी रु. आठ लाख) रकमान्तर गरि मोटरसाईकल खरिद शिर्षकमा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:-** राष्ट्रपति रनिङ सिल्ड अन्तर्गत कार्यक्रम संचालन गर्न विनियोजित रकम अपुग भई थप रु. १,५०,००० ( अक्षरुपी रु.एक लाख पचास हजार) मेयर उपमेयर लगायत अन्य खेलकुद कार्यक्रमबाट व्यहोर्ने गरी निर्णय भए बमोजिम सो रकम उल्लेखित कार्यक्रमबाट भुक्तानी गर्ने गरि भएको निर्णय सर्मथन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-** यस टी.न.पा. को हाल कायम रहेको दरवन्दी बमोजिम रिक्त रहेका र चालु आ.व. मा रिक्त हुने सरसफाई कर्मचारी संख्या ३, पशु चिकित्सक संख्या १ र क्षयरोग कार्यक्रम अन्तर्गतको स्वास्थ्य अधिकृत संख्या १ को पदपुर्ती प्रकिया अगाडी बढाउने साथै जुन पदको पुर्तिको प्रकिया जो जहाँ पुगेको छ सो पदको पदपुर्ति को थप प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११:-** सांस्कृतिक समाज टीकापुरले आयोजना गर्ने पुतला पर्व मनाउन राम जानकी मन्दिर र पदम प्रकाशेश्वर मन्दिरले आयोजना गर्ने महायज्ञको व्यवस्थापन गर्न तथा कर्णालेश्वर मन्दिरको व्यवस्थापन ( रंगरोगन लगायत) गर्न जनही रु. ५०,००० (अक्षरुपी रु. पचास हजार) कला, साहित्य तथा सांस्कृति संरक्षण कार्यक्रमबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२:-** कार्यपालिकाका सदस्यहरुलाई साईकल तथा मोवाईल खरिद कार्यक्रम अन्तर्गतको खरिद प्रकियालाई यथाशिघ्र अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३:-** वडा नं. ७ को प्रशासकीय भवन निर्माणका लागि जिल्ला समन्वय समितिको कार्यालय, कैलालीबाट समपुरक अनुदानका रुपमा रु. ५०,००,००० (अक्षरुपी रु. पचास लाख) प्राप्त हुन आएको साथै उक्त भवन निर्माणका लागि कुल रु. ९२,३२,५९२ ( अक्षरुपी रु. बयानव्वे लाख बत्तिस हजार पाँच सय बयानव्वे ) लागत अनुमान तयार भएकोले सो कार्यक्रमको पालिकाले वहन गर्नुपर्ने बाँकि रु. ४२,३२,५९२ ( अक्षरुपी रु. बयालिस लाख

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

बत्तिस हजार पाँच सय बयानब्बे ) उक्त कार्यक्रमका लागि आगामी आ.व. को वजेट कार्यक्रममा सुनिश्चितता गर्ने उक्त प्रशासकीय भवन वडा कार्यालयले भोगचलन गरेको वडा कार्यालय हाता भित्रको जग्गामा निर्माण गर्ने गरि ठेक्का प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १४:-** नगरपालिकाका विभिन्न वडाहरुमा संचालित सडक पिच गर्ने योजनाहरुमा रहेका विद्युतका पोलहरु स्थानान्तरण गर्न विद्युत प्राधिकरणमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५:-** टीकापुर नगरपालिकामा निर्माण गरिएका पुराना भवनहरुको अभिलेख व्यवस्थापन निर्देर्शिका, २०७७ को देहायको पहिलो संशोधन प्रस्ताव स्विकृत गर्ने :-

| क.सं. | दफा उपदफा र खण्ड | निर्देर्शिकामा रहेको साविक व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १ | प्रस्तावना | भवन संहिता, २०७२ लागु हुनु पूर्व निर्माण भै प्रचलित कानून बमोजिम नक्शापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृती वेगर हेरफेर गरी वा मापदण्ड विपरीत वनाएका भवनहरुको अभिलेखिकरण गरी व्यवस्थित वस्ती विकास तथा शहरीकरणको अवधारणलाई मूर्त रुप दिन एक पटकका लागि अभिलेखिकरण गर्ने कार्यलाई | ...........एक पटक ......भन्ने शब्द झिकिएको | निर्देशिका बमोजिम अभिलखिकरण गर्न छुट भएकोले । |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थित गर्न वाञ्छनीय भएकोले | | |
| २ | ३ (घ) | यो निर्देशिका लागु हुनु भन्दा अगाडि वनेका घरहरुलाई जुन अवस्थामा छन् सोही अवस्थामा एक पटकका लगि अभिलेखिकरण गर्ने । | यो निर्देशिका लागू हुनु भन्दा अगाडी वनेका घरहरुलाई जुन अवस्थामा छन सोही अवस्थामा अभिलेखिकरण गर्ने । | निर्देशिका वमोजिम अभिलेखिकरण गर्न छुट भई थप समय माग भई निवेदन पर्न आएकोले । |
| ३ | ५ (क) | पुराना भवनहरुको अभिलेखिकरण गर्न सार्वजनिक संचार माध्यममा ३ महिना ( ९० दिन अर्थात २०७७ साल पौष मसान्त सम्म) को सूचना प्रकाशन/प्रसारण गर्ने । | पुराना भवनहरुको अभिलेखिकरण गर्न २०८० साल असार १५ गते सम्म निवेदन लिने । | पुराना भवनहरुको अभिलेखिकरण गर्न छुट भई समयावधि बढाउन माग भई निवेदन पर्न आएकोले । |

**निर्णय नं. १६:-** नगरपालिका द्वारा आयोजना हुने कुनै सार्वजनिक कार्यक्रमको अवसर पारेर राष्ट्रिय क्रिकेट टोलिका प्रशिक्षक श्री जगत टमट्टालाई सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७:-** टीकापुर नगरपालिकाका विशेषज्ञ चिकित्सकद्वारा नगरपालिकाका वडाहरुमा क्रमैसंग महिनाको १ पटक स्वास्थ्य शिविर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:-** टी.न.पा. वडा नं.७ को वडा कार्यालयले विगत लामो समय देखी निर्विवाद रुपमा भोगचलन गर्दै आएको हाल वडा कार्यालयको जग्गामा जिल्ला समन्वय समितिको कार्यालय, कैलालीको समपुरक अनुदानमा वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्नका लागि उक्त जग्गा वडा नं.७ को वडा कार्यालयले भोग चलन गरेको सम्वन्धमा कुनै विवाद नरहेको भनि जिल्ला समन्वय समिति कैलालीलाई जानकारी गराउने निर्णय गरियो ।

टीकापुर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १९:-** वडा नं. ६ मा घरधुरी कार्ड वितरण र वडा नं. १ स्थित कर्मचारी कार्यकक्ष निर्माणका लागी रु. ५०, ००० (अक्षरुपी रु. पचार हजार) व्यवस्थापन गर्ने ।

**निर्णय नं. २०:-** वडा नं. २ को गाँउघर क्लीनिक भवन सोही वडाको कोठारपुर चोकमा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:-** यस टी.न.पा. लाई पुर्ण खोप पालिका घोषणा गर्न आवश्यक तयारी, पुर्वकार्य तथा प्रकिया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. २२:-** व्याडमिन्टीन हल निर्माण आयोजना अन्तर्गतको व्याडमिन्टीन हल टी.न. पा.वडा नं. ७ को सत्ति स्थित खेलकुद मैदानमा निर्माण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल